# सिस्ने गाउँपालिकामा कार्यरत कर्मचारीहरुको व्यवस्थापन गर्न बनेको ऐन २०७८

प्रमाणिकरण मितिः२०७८/०३/१०

सरकारी तथा अन्य सेवाबाट कर्मचारीहरुको समायोजन भई सिस्ने गाउँपालिकामा कामकाज गर्न खटाइए पश्चात साविकको स्थानीय निकायको सेवामा प्रवेश गरी हालसम्म स्थायी रुपमा कार्यरत रहेका कर्मचारीहरुको बढुवा नहुँदा स्थानीय सेवाका समग्र कर्मचारीको वृत्ति विकास अवरुद्ध भएकाले त्यस्ता कर्मचारीहरुको र अन्य स्थानीय निकायबाट सरुवा, समायोजन तथा पदस्थापन भएका कर्मचारीहरुको बढुवा तथा स्तरवृद्धि सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " सिस्ने गाउँपालिकामा कार्यरत कर्मचारीहरुको व्यवस्थापन गर्न बनेको ऐन, २०७८" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले सिस्ने गाउँपालिकाको कर्मचारी समायोजन तथा व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८ लाई सम्झनु पर्छ।

(ख) "कर्मचारी" भन्नाले साविकका स्थानीय निकायको रुपमा रहेको स्थानीय निकायबाट समायोजन हुँदा बढुवा नभई सिस्ने गाउँपालिकामा समायोजन भएका यो ऐन जारी हुँदाका बखत स्थायी सेवामा कार्यरत कर्मचारीलाई सम्झनु पर्छ।

(ग) "कार्यपालिका" भन्नाले सिस्ने गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्छ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन र गाउँपालिकाले समय समयमा निर्णय गरी तोकिएका कुरालाई सम्झनु पर्छ।

(ङ) "गाउँ सभा" भन्नाले सिस्ने गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्छ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ वमोजिम नियुक्त गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(छ) "स्थानीय सेवा" भन्नाले सिस्ने गाउँपालिकामा साविक स्थानीय निकायबाट समायोजन भइ कार्यरत स्थायी कर्मचारीको सेवा समूहलाई सम्झनु पर्छ।

(ज) "गाउँपालिका" भन्नाले सिस्ने गाउँपालिकालाई सम्झनु पर्छ।

(झ) "स्थानीय कानुन" भन्नाले सिस्ने गाउँपालिकाबाट जारी भएको कानुनलाई सम्झनु पर्छ।

३. **गाउँपालिका सेवाका सर्मचारी बढुवा गर्नेः**

(१) साविकका स्थानीय निकायको रुपमा गाउँपालिकामा स्थायी रुपमा सेवा प्रवेश गरेका वा अन्य स्थानीय निकायमा नियुक्ति भई गाउँपालिकामा सरुवा, समायोजन र पदस्थापन भएका र यो ऐन जारी हुँदाका बखत गाउँपालिकामा कार्यरत स्थानीय सेवाका कर्मचारीहरुको बढुवा गरिनेछ।

(२) उपदफा (१) बमोजिम कम्तीमा तीन बर्ष स्थायी रुपमा कार्यरत गाउँपालिकामा सरुवा, समायोजन र पदस्थापन भएका स्थानीय सेवाका कर्मचारीहरुको बढुवा देहाय वमोजिम हुनेछ ।

| **क्र.स.** | **साविकको तह** | **समायोजन पश्चात कायम हुने तह** | **पद, नाम** | **कैफियत** |
|---|---|---|---|---|
| १. | श्रेणी विहिन प्रथम | श्रेणी विहिन द्धितिय | श्रेणी विहिन द्धितिय | |
| २. | सहायकस्तर तृतिय | सहायकस्तर चौथो | सहायकस्तर चौथो | |
| ३. | सहायकस्तर चौथो | सहायकस्तर पाँचौ | सहायकस्तर पाँचौ | |
| ४. | सहायकस्तर पाँचौ | अधिकृतस्तर छैठौं | अधिकृतस्तर छैठौं | |
| ५. | अधिकृतस्तर छैठौं | अधिकृतस्तर सातौं | अधिकृतस्तर सातौं | |
| ६. | अधिकृतस्तर सातौं | अधिकृतस्तर आठौं | अधिकृतस्तर आठौं | |

(३) उपदफा (२) बमोजिमको पदनाममा सम्बन्धित सेवा वा समूह जनाई पदनाम कायम हुनेछ ।

(४) यस दफा बमोजिम गाउँपालिका स्थानीय सेवाका कर्मचारी बढुवा गर्दा कायम हुने तलब निजले साविकमा खाइपाई आएको तलबभन्दा कम हुने भएमा ग्रेड थप गरी तलब मिलान गरिनेछ ।

(५) उपदफा (१) बमोजिम बढुवा स्वीकार गर्ने कर्मचारीहरुले बढुवा कायम हुने तहका निम्ति तोकिएको तलबमान र सुबिधाहरु प्राप्त गर्नेछन ।

(६) उपदफा (२) बमोजिमको बढुवा तथा स्तरवृद्धि सम्बन्धी प्रावधान एक पटकका लागि मात्र लागु हुनेछ ।

**४.** **बढुवा पत्र दिने:** (१) यस ऐन बमोजिम बढुवा भएपश्चात् गाउँपालिका स्थानीय सेवाका कर्मचारीहरुलाई प्रमुख प्रशासकीय अधिकृतले बढुवा भएको पत्र दिनुपर्ने छ ।

**५.** **पदस्थापना गरिने:** दफा ३ बमोजिम बढुवा भएका गाउँपालिका स्थानीय सेवाका कर्मचारीहरुलाई बढुवा पश्चात पदस्थापन गर्नु अघि स्वतः पुल दरवन्दीमा कायम भएको मानिने छ । यसरी बढुवा भई पुल दरबन्दीमा कायम भएका कर्मचारीलाई पदस्थापन गर्नु पूर्व गरिआएको कामकाज गर्न बाधा पुगेको मानिने छैन ।

**६.** गाउँपालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गराइ पुल दरवन्दीमा रहेका कर्मचारीहरुलाई उपयुक्त समूह तथा उपसमूहमा पदस्थापन गरिनेछ ।

**७.** **बढुवा भएका कर्मचारीको सेवा सुविधा:** यस ऐन बमोजिम बढुवा भएका स्थानीय सेवाका कर्मचारीहरुको तलब तथा अन्य सुविधा प्रचलित कानुनले तोके बमोजिम हुनेछ ।

**८.** **जेष्ठताको गणना:** (१) यस ऐन बमोजिम बढुवा हुने कर्मचारीहरुको जेष्ठता बढुवा भएको मिति देखि गणना गरिनेछ ।

**९.** **आवश्यक व्यवस्था मिलाउने:** यो ऐन कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाई उत्पन्न भएमा कार्यपालिकाले यो ऐनको प्रतिकूल नहुने गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

अनुसूची १

दफा ४ को उपदफा (२) सँग सम्बन्धित

**बढुवा पत्र**

पत्र संख्याः

चलानी नं.

मितिः......................

श्री............................

................................

**विषयः बढुवा गरिएको सम्बन्धमा ।**

सिस्ने गाउँपालिकामा कार्यरत कर्मचारीहरुको व्यवस्थापन गर्न बनेको ऐन, २०७८ बमोजिम आजैका मिति देखि लागु हुने गरी तपाइलाई देहाय बमोजिमको पद तथा तहमा पुल दरबन्दीमा रहने गरी बढुवा गरिएको छ ।

बढुवा हुनु भएकोमा बधाई छ ।

| हाल कार्यरत पदको विवरण | समायोजन गरिएको विवरण |
|---|---|
| पदः<br>तहः<br>सेवाः<br>समूहः<br>उप समुहः<br>नियूक्ति मितिः | पदः<br>तहः<br>सेवाः<br>समूहः<br>उप समुहः |